प्रदेश सरकार
प्रदेश नं. ५
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

## कृषि अनुदान कोषको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक सुचना प्रकाशन मिति २०७५/०५/२७**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५, वुटवलद्वारा आ.व. २०७५/७६ को कृषि अनुदान कोष कार्यक्रमका लागि वर्गीकरण १(क), १(ख) र २ मा रहेर कृषिमा आधारित कार्यक्रम संचालन गर्न इच्छुक प्रदेश नं. ५ का १२ जिल्लाका कृषक समूह/कृषि सहकारी संस्था र कृषि फर्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी सूचनामा उल्लेख भएका कार्यालयमा निवेदन सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>बर्गिकरण</u>

| बर्गिकरण | लगानीको क्षेत्र | कोषबाट लगानी हुने रकम | अनुदान ग्राहीको साझेदारी अंश | योग्य आवेदक | कैं. |
|---|---|---|---|---|---|
| १.(क) | खाद्य तथा पोषण सुरक्षा, व्यवसाय उन्नमुख कृषि तथा नविन प्रविधि | बढीमा ४ लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ | ५० प्रतिशत | समूह तथा सहकारीमा आबद्ध कृषक/कृषिमा संलग्न निजीफर्म तथा उद्यमीहरु | आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा ५ लाखको हुनु पर्ने |
| १.(ख) | | बढीमा ६ लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ | | कृषक समूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु | आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा १० लाखको हुनु पर्ने |
| २. | व्यावसायिक कृषि खेती | बढीमा १० लाख वा ५० प्रतिशत जुन रकम कम हुन आउछ । | ५० प्रतिशत | कृषक समूह, उत्पादनमूलक कृषि सहकारी संस्थाहरु, कृषिमा संलग्न निजी फर्म तथा उद्यमीहरु | आयोजनाको कूल प्रस्ताव रकम कम्तिमा १५ लाखको हुनु पर्ने |

नोटः कृषि अनुदान कोष अन्तर्गत प्रस्ताव आवेदनका लागि लगानीको क्षेत्र बिशेष मूल्य श्रृखलाहरुको लागि निर्धारित मापदण्ड तथा आवेदन दर्ता गर्ने निकायको विवरण यस मन्त्रालयको वेभसाईट तथा मातहतका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. कृषक समूह/कृषि सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुले सूचना प्रकाशन मिति भन्दा अगाडी आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति।
२. कृषि सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको आ.व. २०७३।७४ को लेखापरिक्षणको प्रतिवेदन, कर चुक्ताको प्रमाण पत्र, VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति (फर्म/संस्थाको हकमा)।
३. आयोजनाको प्रस्ताव अनुसूचि -३ बमोजिमको ढाँचामा रु १० को टिकट टांस गरिएको १ प्रति । प्रस्तावनाको ढाँचा अनुसूचि -३ यस मन्त्रलयको वेब साईट (molmac.p5.gov.np) बाट डाउनलोड गर्न सकिनेछ।
४. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति ।
५. कार्यक्रम संचालनको लागि जग्गा आवश्यक पर्ने अवस्थामा आफ्नो जग्गा भएमा लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि १ १ प्रति ।

**थप जानकारीको लागि**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५
Email: molmacplanning@gmail.com
Website: molmac.p5.gov.np
फोन नं ०७१५४००२६, ०७१५४००६८